पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : ४ पोखरा खण्ड : ५१ प्रमाणित मितिः २०७७ माघ २४ गते

## भाग १

## पोखरा महानगरपालिका कृषि विधेयक, २०७७

कृषकको संरक्षण तथा सम्वर्द्धन, कृषिको उत्पादन, आधुनिकीकरण, व्यावसायीकरण, प्रशोधन, भण्डारण, प्रविधि, कृषि उपज बजारको व्यवस्थापन गर्ने सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी पोखरा महानगरपालिकाको नगर सभाले यो ऐन तर्जुमा गरि जारी गरेको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "**पोखरा महानगरपालिका कृषि ऐन**, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "**उप प्रमुख**" भन्नाले पोखरा महानगरपालिकाको उपप्रमुखलाई सम्झनु
पर्छ ।

(ख) "**किसान**" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने नागरिकलाई सम्झनु पर्छ । सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सोभन्दा बढी अवधि कृषि कार्य गर्ने वा परम्प्परागत कृषि औजार निर्माण गर्ने नागरिक वा त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ ।

(ग) "**कृषक समूह**" भन्नाले पोखरा महानगरपालिकामा दर्ता भै कृषि तथा पशुपंछी पालनमा काम गर्ने किसानहरुको संगठनलाई सम्झनु पर्छ
।

(घ) “**कृषि**” भन्नाले अन्नबाली, दलहन, फलफूल, तरकारी, मसला तथा नगदेबाली, पशुपालन, माछापालन, मौरीपालन निजी तथा करार गरि एका जग्गामा गरिएका घाँस तथा डाले रुख एवं जडिबुटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई समेत जनाउँछ ।

(ङ) “**कृषि सहकारी**” भन्नाले सहकारी ऐन,.... अन्तर्गत कृषि व्यवसाय गर्ने मूल उद्देश्य राखी दर्ता भएको सहकारीलाई सम्झनु पर्दछ ।

(च) “**कृषि संजाल**” भन्नाले कृषक, समूह, सहकारी तथा सरोकार वालाको सहभागितामा वडास्तरमा वा महानगरस्तरमा बनेको समिति भन्ने सम्झनु पर्दछ ।

(छ) “**खेतीयोग्य जमिन**” भन्नाले अन्नबाली, दलहन, फलफूल, तरकारी, पशुपालन, डालेघाँस एवं जडिबुटीको खेती गरिएको निजी जमिन वा सरकारले खेती गर्न योग्य भनी छुट्याएको भूमि वा नछुट्याएको खाली खेतीयोग्य जमिनलाई सम्झनु पर्छ ।

(ज) “**तोकिएको वा तोकिए बमोजिम**” भन्नाले यस ऐन अर्न्तगत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(झ) “**नगर सभा**” भन्नाले पोखरा महानगरपालिकाको नगरसभालाई सम्झनु पर्छ ।

(ञ) “**प्रमुख**” भन्नाले पोखरा महानगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(ट) “**भू–उपयोग**” भन्नाले सरकारले विभिन्न प्रयोजनका लागि वर्गिकरण गरि तोकेको जमिनको उपयोगलाई सम्झनु पर्छ ।

(ठ) “**महानगरपालिका**” भन्नाले पोखरा महानगरपालिकालाई सम्झनु पर्छ ।

(ड) “**महाशाखा**” भन्नाले पोखरा महानगरपालिकाको कृषि तथा पशु विकास सम्बन्धी काम गर्ने शाखा/महाशाखालाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## भूमि, सहकारी, कृषि तथा पशुपंछी सम्बन्धी निर्देशक सिद्धान्त

३. **निर्देशक सिद्धान्त** : यस परिच्छेदमा उल्लिखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रुपमा रहनेछन् ।

(क) कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका कार्यहरु मार्फत खाद्यान्नमा आत्मनिर्भर बनाउने र तुलनात्मक कृषि उपज प्रवर्द्धन गर्न खाद्य संप्रभुताका आधारभूत मान्यता र मापदण्ड अनुसारको कृषि प्रणाली अपनाउने उद्देश्य हुनेछ ।

(ख) महानगरपालिकाका संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक विविधताको जगेर्ना गर्ने कृषि पद्दति जीविकोपार्जन, आयआर्जन तथा रोजगारीका आधुनिक सीप, सहकारीको विकास, स्थानीय स्रोत साधनको अधिकतम उपयोग, स्थानीय कृषक समूह (विपन्न महिला/पुरुष/आदिवासी/जनजाति र दलित) को उत्थानका लागि कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्य हुनेछ ।

(ग) कृषि तथा पशुपंछी व्यवसायको विकास गर्दा स्वस्थ नागरिकको जीवनमा हानि पुर्‍याउने रासायनिक तथा घातक विषादीको प्रयोगलाई निरुत्साहन गर्ने, संकटापन्न महामारी रोग, किराको प्रकोपको रोकथाम तथा उपचार तथा नियन्त्रण, कृषि जनचेतनामा वृद्धि, मलजल बिऊ बिजनको बिक्री वितरणमा सरलता एवं उपलब्धतामा सहजता, प्राङ्गारिक मलखादको प्रयोगमा बढावा गरि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्य हुनेछ ।

(घ) कृषिमा आधुनिक प्रविधिको विकास, जैविक विविधता र वातावरण संरक्षण संवर्द्धन, आधुनिक कृषि औजारको अध्ययन अनुसन्धान विकास र बिक्री वितरणमा सरलता एवं सीप हस्तान्तरण गर्ने उद्देश्य हुनेछ ।

(ङ) पशुपंक्षी पालन, नश्ल सुधार, प्रजातिको विकास विस्तार र हस्तान्तरण, चरिचरन रोजगार र आयआर्जन उन्मुख उद्देश्य हुनेछ ।

(च) महानगरपालिकाबाट नीति, बजेट तथा कार्यक्रम तर्जुमा गर्दा बिमा, कृषि बजार विस्तार तथा व्यवस्थापन, संघसंस्थाको स्थापना गर्ने उद्देश्य हुनेछ ।

(छ)मूल्य श्रृंखलाको माध्यमबाट बजारीकरण गरी स्वस्थ, स्वच्छ कृषि उपजको भण्डारण तथा उपलब्धताको सुनिश्चित गरिनेछ ।

(ज) कृषि व्यवसाय प्रवर्द्धन गर्न तथा कृषकको नोक्सान कम गर्न मुख्य कृषि तथा पशु बालीको न्युनतम समर्थन मूल्य तोकी खरिद तथा संचय गरी उपलब्ध गराउने उद्देश्य हुनेछ ।

(झ) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजार मा पहुँचको व्यवस्था गर्ने उद्देश्य हुनेछ ।

(ञ) सरकारको भू-उपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दिगो उपयोग गर्ने उद्देश्य हुनेछ ।

## परिच्छेद–३

## प्राविधिक ज्ञान, सीप, सुचना प्राप्ति र कृषि सेवा केन्द्र

५. **सूचना तथा प्रचारप्रसार** : (१) महानगरपालिकाले कृषकहरुलाई कृषि तथा पशु सम्बन्धी तालिम, प्रविधि, कार्यक्रम सम्बन्धी जानकारी, प्राविधिक टेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तथा प्रचारप्रसार लागि कृषि बाली, तरकारी, फलफूल, नगदेवाली, पशुपंछी पालन, माछा पालन सम्बन्धी व्यवहारयोग्य पाठ्य सामग्री तयार गर्ने, वेभसाइट, मोबाइल एप, रेडियो तथा टेलिभिजन कार्यक्रम मार्फत प्रचार प्रसार र बहस चलाउने, कृषि संजाल, कृषक समूह तथा सहकारी सम्मिलित प्रविधि प्रदर्शन कार्यक्रम प्रत्येक क्षेत्रमा सञ्चालन गरिनेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सूचनाको हक उपलब्ध गराउनु

पर्नेछ ।

(४) कृषकहरुले सूचना मागेका बखत उपलब्ध गराउनु महानगर पालिकाको कर्तव्य हुनेछ । माग भएको सूचना उपलब्ध नगराईएको पाइएमा जिम्मेवार पदाधिकारीलाई प्रचलित कानून बमोजिम सजाय हुनेछ ।

६. **कृषि प्राविधिक जनशक्तिबाट निःशुल्क सेवाको उपलब्धता** : (१) महानगर पालिकाले कृषक समूह तथा सहकारीलाई कृषि तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन भएका क्षेत्रमा नियमित रुपमा स्थलगत प्राविधिक सेवा उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम कृषक समूह तथा सहकारीहरुबाट सेवा माग गरिएमा सेवा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिमको सेवा उपलब्ध नगराउने कृषि प्राविधिकलाई कृषकले कानुनी कारवाही माग गरी महानगरपालिकामा निवेदन दिन सक्नेछन् । यसरी कृषकले निवेदन दिएमा छानविन गरी से वा प्रदान नगरिएको ठहरिएमा निज प्राविधिकलाई तोकिएको वा तोकिए बमोजिम सजाय हुनेछ ।

(४) सामुदायिक कृषि तथा पशु सेवा संरक्षणका लागि प्रचार प्रसार, प्राविधिक ज्ञान सीप उपलब्ध गराउन तथा कृषकलाई आवश्यक पर ामर्श सेवा उपलब्ध गराउन आवश्यक सेवा केन्द्रहरु स्थापना गरिनेछ । एक वडामा एक सेवा केन्द्र रहनेछ । उक्त सेवा केन्द्रको दरबन्दी तथा स्थान महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–४

## व्यवसाय दर्ता, फर्म, समूह, सहकारी, संजाल, कृषि विकास कार्यदल सम्बन्धी व्यवस्था

७. **व्यवसाय दर्ता गर्नुपर्ने** : (१) कृषि व्यवसाय संचालन गर्न चाहने कृषकले व्यवसायसंचालन गर्नु अघि सम्बन्धित वडा कार्यलयमा व्यवसाय दर्ता

गर्नु पर्नेछ ।

(२) व्यवसाय दर्ता, नवीकरण तथा अन्य शुल्क लगायतका व्यवस्था महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

८. **कृषक समूह र सहकारीको गठन** : (१) सहभागितामूलक कृषि तथा पशु विकास कार्यक्रमको व्यवसायिकता अभिवृद्धि गर्न सहजीकरणका लागि क्षेत्रगत तथा विषयगत कृषक समूहको गठन गरिनेछ ।

(२) कृषक समूह दर्ता तथा नवीकरण शुल्क महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) उदफा (१) बमोजिम गठन हुने कृषक समूहमा रहने निकायगत पदाधिकारी तथा कृषकहरु महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

९ **कृषि संजाल** : (१) कृषि क्षेत्रमा संलग्न विभिन्न सरोकारवालाहरुको संलग्नतामा स्थानीय तथ्यांक संकलन, कृषि सूचना प्रचार प्रसार, कार्यक्रम माग तथा संचालनमा सहजीकरण गर्नको लागि प्रत्येक वडामा समिति गठन हुनेछ ।

(२) हरेक वडाको एक/एक जनाको प्रतिनिधित्व हुने गरी महानगरस्तर ीय कृषि संजाल निर्माण हुनेछ । सो समितिले कृषि कार्यक्रम माग तथा संचालनको लागि सहजीकरण गर्नेछ ।

१०. **कृषि विकास समिति** : (१) महानगरपालिका क्षेत्रमा संचालन हुने समग्र कृषि कार्यक्रमको व्यवस्थापनको लागि एक कृषि विकास समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् ।

(क) प्रमुख –संयोजक

(ख) आर्थिक विकास समिति संयोजक –सदस्य

(ग) प्रमुखले तोकेको कार्यपालिकाका सदस्य कम्तिमा एक जना महिला सहित चार जना –सदस्य

(घ) कृषि संजालको प्रतिनिधि (कम्तिमा एक जना महिला सहित) दुई

जना– सदस्य

(ङ) स्वास्थ्य, सामाजिक, पशु सेवा र योजना महाशाखाका एक/ एक जना प्रतिनिधि –सदस्य

(च) प्रमुखले तोकेको विषय विज्ञ दुई जना –सदस्य

(छ) कृषि महाशाखा प्रमुख–सदस्य सचिव

(३) उपदफा (२) बमोजिम गठित समितिले महानगरपालिकामा संचालित कृषि विकास कार्यक्रमबाट तोकिएको प्रतिफल प्राप्तिका लागि अनुगमन, मूल्यांकन र तत्काल क्षेत्रगत रुपमा आईपरेका समस्या समाधानका लागि काम गर्नेछ ।

(४) उपदफा (२) अनुसार गठन गरिएको समितिले गरेको सिफारिसलाई महानगरपालिकाले कार्यान्वयन गर्नेछ ।

## परिच्छेद–५

## कृषि तथा पशुपंछीको तथ्यांक सम्बन्धी व्यवस्था

११. **तथ्याक्त अभिलेख राख्नु पर्ने** : (१) महानगरपालिकामा रहेका कृषि तथा पशु सम्बन्धी निकायले आफ्नो क्षेत्रभित्रको कृषि जमिन, कृषि बाली, फलफूल, तरकारी खेती, नगदेबाली, रैथाने वाली, कृषि उपजको उत्पादन तथा खपत, मलखादको आवश्यक परिमाण रोग तथा कीरा र पशुपंक्षी पालन सम्बन्धी तथ्याङ्कको अभिलेख राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलित तथ्याङ्कलाई ती निकायले सार्वजनिक गर्ने र आफूभन्दा माथिल्लो निकायमा पठाइनेछ । यसरी तयार गरिएको तथ्यगत तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी आगामी कृषि रणनीति तथा कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको तथ्याङ्क संकलन गर्न बिशेषज्ञ सेवा आवश्यकता भएमा करारमा लिन सकिनेछ ।

## परिच्छेद –६

## सेवामूलक तथा अनुदानमूलक कार्यक्रम सम्बन्धी व्यवस्था

१२. **सेवामूलक कार्यक्रम** : (१) महानगरपालिकाले कानून बमोजिमको खाद्य सम्प्रभुताको हकलाई टेवा पुऱ्याउने उद्धेश्यले कार्यक्रम बजेटबाट सेवामूलक कार्यक्रम संचालन गर्नेछ ।

(२) उपदफा (१) कमोजिम संचालित कार्यक्रममा कृषकको प्रत्यक्ष आर्थिक लगानी हुने छैन । तर कार्यक्रम संचालनको लागि भूमिको व्यवस्था, जनश्रमदान तथा कार्यक्रममा सहभागिता गर्नुपर्नेछ । संघसंस्थासंग साझेदारीमा समेत यस प्रकृतिका कार्यक्रम गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमका कार्यक्रमको अतिरिक्त समयानुकुल संघ र प्रदेश सरकारको निर्देशन तथा नगर कार्यपालिकाले थप कार्यक्रम समावेश गर्न सक्नेछ ।

१३. **अनुदान कार्यक्रम** : (१) महानगरपालिकाभित्र कृषि व्यवसायिकीकरण, उत्पादनमा आत्मनिर्भर बनाउन र स्थानीय रोजगार सिर्जनाको लागि कार्यक्रम संचालन गर्न कृषक, कृषक समूह, कृषि संजाल, कृषि सहकारी र नीजि कृषि फर्मलाई नेपाल सरकारले समय समयमा तोकि दिएको नीति निर्देशनको परिधिभित्र रही महानगरपालिकाले अनुदान उपलब्ध गराउनेछ ।

(२) कृषि उत्पादन सामग्रीको लागत वा उत्पादन वा आम्दानीको आधारमा तोकिए बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

(३) वडास्तरमा किसान विवरण दर्ता गरी कृषक पहिचान तथा वर्गीकरण गरी सोको आधारमा अनुदान दिने व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम नेपाल सरकारबाट उपलब्ध हुने अनुदानको अतिरिक्त महानगरपालिकाले आफ्नो श्रोतबाट समेत थप अनुदान उपलव्ध गराउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम संचालित अनुदान कार्यक्रममा महानगर पालिकाले कार्यक्रमको औचित्यता अनुसार सार्वजनिक क्षेत्रमा संचालन गरिने गतिवधिको लागि १०० प्रतिशत अनुदान, समूह, सहकारी, संजालको सहभागितामा सामूहिक हितमा हुने कार्यक्मका लागि ७० प्रतिशत र व्यक्तिगत कृषक, फर्म तथा कम्पनीको लागि बढीमा ५० प्रतिशत अनुदान उपलब्ध गराउन सक्नेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि महानगर पालिकाले गरिबीको रेखामुनी रहेका दलित, जनजाति, भूमिहिन कृषकहरुलाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराउन सक्नेछ ।

(७) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्न चाहनेले महानगरपालिकासंग सम्झौता गर्नु पर्नेछ ।

(८) उपदफा (३) बमोजिम सम्झौंता गरेका अनुदानग्राहीले अनुदान रकम हिनामिना गरेको पाइएमा उक्त अनुदान कार्यक्रममा संलग्न कृषकहरुबाट महानगरपालिका संचित कोषमा जम्मा हुने गरी रकम फिर्ता गर्नु पर्नेछ ।

(९) उपदफा (४) बमोजिमको रकम फिर्ता नगरेमा प्रचलित नेपाल कानून बमोजिम दण्ड सजाय हुनेछ ।

## परिच्छेद–७

## बिऊ बिजन, मलखाद, किटनाशक बिषादी र वाली तथा पशुपंक्षी प्रवर्द्धन

१४. **बिऊ, बिजन, मलखाद तथा जैविक किटनाशक बिषादीको सहज उपलब्धता** : (१) महानगरपालिकाले कृषकलाई मौसम अनुसार सिफारिस गरिएका बिऊ बिजन, महामारी वा प्राकृतिक प्रकोपजन्य रोग किरा आदिको नियन्त्रण र रोकथाम केन्द्रका लागि सिफारिस गरिएका जैविक बिषादी तथा जैविक सुरक्षा विधिको सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम महानगरपालिकाले रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग महामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुऱ्याउन सक्नेछ ।

(३) महानगरपालिकाले बिऊ बिजन, किटनाशक बिषादी तथा मलखादको नियमित गुणस्तर परिक्षण गरी सरल उपलब्धताको लागि उचित बजार व्यवस्था गर्न सक्नेछ ।

(४) महानगरपालिकाले बिऊ विजन, किटनाशक बिषाधी, मलखाद बिक्री वितरणका लागी कृषि सहकारीलाई प्राथमिकता दिनेछ ।

(५) महानगरपालिकाले प्रांगारिक पकेट क्षेत्र घोषणा गरेको क्षेत्रमा रसायनिक मल र किटनाशक बिषादी प्रयोगमा बन्देज गरी जैविक विविधता र कृषि वातावरण संरक्षण गर्न जोड दिनेछ ।

(६) पशुपंछी व्यवस्थापनमा मापदण्ड अनुसारको नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन, उपचार तथा महामारी रोग नियन्त्रण, जैविक सुरक्षा महानगरपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद–८
## विमा, कोष तथा ऋण सम्वन्धी व्यवस्था

१५. **विमा सम्बन्धी व्यवस्था** : (१) महानगरपालिकाले कृषि बाली, नगदे बाली, तरकारी खेती, पशुपंछी पालन, माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई निर्णय गरी विमा सुविधा उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विमा सम्बन्धी विस्तृत कार्यविधि र निर्देशिका महानगरपालिकाबाट तयार गरी कार्यान्वयन गर्नेछ ।

१६. **कृषि तथा पशु विकास कोषको व्यवस्था** : (१) महानगरपालिकाले नेपाल सरकारबाट विनियोजित रकम र प्रदेश सरकारवाट प्राप्त हुने राजश्व र कम समेत जम्मा गरी  एक कोषको व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम दाखिला हुन आउने रकम महानगरपालिकाले तोके बमोजिम खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम महानगरपालिकालाई प्राप्त रकम खर्च गर्दा अनियमितता हुन नपाउने गरि खर्च गर्ने व्यवस्थापनको लागि कार्यविधि जारी गर्नेछ ।

(४) कृषकलाई कृषि पेशाप्रति समर्पित र लगाव राखी राख्न आत्मनिर्भर ताका लागि स्थानीयस्तरमा मापडण्ड तयार गरि नियन्त्रणको व्यवस्था गर्नेछ ।

१७. **कृषि ऋण** : (१) व्यवसायिक कृषकहरुलाई पूँजीको व्यवस्थापन गर्न महानगरपालिकाले बैंक तथा वित्तीय संस्थाहरुसंग सहकार्य गरी सहुलियत व्याजदरमा कृषि ऋण उपलव्ध गराउन सक्नेछ ।

(२) कृषि व्यवसायीलाई उपदफा (१) बमोजिमको कृषि ऋणमा निर्देशिका बनाई व्याज अनुदान उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद–९

## आन्तरिक वजार, हाट वा किसान वजार, प्रदर्शनी स्थल, तथा गुणस्तर मापदण्ड

१८. **आन्तरिक तथा वाह्य बजारको व्यवस्था** : (१) महानगरपालिकामा उत्पादन गरिएका कृषि उपज, तरकारी, फलफुल, नगदेवाली र पशुपंछी तथा पशुपंछीजन्य उत्पादनको आन्तरिक खपतमा लागि कृषि उपज बजार, किसान बजार, संकलन केन्द्र, कृषि कम्पनी, सहकारी पसलहरु सञ्चालनमा ल्याई आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त वस्तु तथा सेवा उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उत्पादित वस्तु तथा सेवालाई कृषक हकहितका लागि सहज बजार पहुंचको व्यवस्था गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको उत्पादित वस्तुहरु स्थानीय तहमा खपत

भै जगेडा रहन गएमा त्यस्ता वस्तुहरुको भण्डारणको व्यवस्था गरिनेछ । बिग्रने वा सडीगली जाने तरकारी, फलफूल, माछा मासुको लागि शितभण्डारको निर्माण तथा व्यवस्थापन गर्न सक्नेछ ।

(४) महानगरपालिकामा उपभोग भै बचत रहन गएका वस्तुहरुको अन्य गाँउ/ नगरपालिका, प्रदेश क्षेत्रमा तोकिए बमोजिम निकासी गर्न पाउने व्यवस्था गर्न सक्नेछ ।

(५) स्वदेशमा मात्र खपत हुन नसक्ने वस्तुहरुको अन्तर्राष्ट्रिय बजारमा निकासी गर्न सक्ने गरी तोकिएका वा तोकिए बमोजिमको व्यवस्था गने र्छ ।

(६) उपदफा (२) बमोजिम बिक्री वितरण गरिने पशुपंछीको मासुजन्य पदार्थको शुद्धताको लागि आधुनिक वधस्थल, वधशालाको निर्माण र विस्तारमा जोड दिइनेछ ।

(७) पशु विकास गर्न नश्ल सुधार सम्वन्धी जनचेतनामूलक तथा सरल र अत्याधुनिक प्रविधि तथा सीप विकासमा जोड दिइनेछ ।

१९. **कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन** : (१) महानगरपालिकामा उत्पादित मौसम अनुसारका उत्पादनको संरक्षण प्रवर्द्धन र बजार विस्तारको लागि सुहाउँदो स्थानमा कृषि तथा व्यापार मेला सञ्चालन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन तथा व्यवस्थापनका लागि तोकिएको वा तोकिए वमोजिम कर लगाउन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम लगाइएको कर कृषि कोषमा जम्मा हुने व्यवस्था गरिनेछ र सो कोषबाट आन्तरिक बजार व्यवस्थापन गरी बाँकी रहन गएको रकम सोही क्षेत्रको विकासमा मात्र खर्च गरिनेछ ।

२०. **गुणस्तर मापदण्ड, खाद्य प्रशोधन तथा माछा मासु प्रशोधन केन्द्र** : (१) महानगरपालिकामा उत्पादन भएका वा आयतित कृषि उपजको गुणस्तर मापदण्ड तयार गरिनेछ ।

(२) आन्तरिक रुपमा बाह्य बजार विस्तारका लागि खाद्य वस्तुहरुलाई प्रशोधन गरी लामो समयसम्म गुणस्तर कायम राख्न सक्ने गरी भण्डारण प्रशोधन केन्द्र स्थापना गरिनेछ ।

(३) स्थानीय तहमा उत्पादित वस्तुहरुको संरक्षणका लागि आयातलाई निरुत्साहित गरिनेछ ।

(४) आन्तरिक खपतबाट जगेडा भएका माछा मासु अन्य प्रदेश वा अन्तराष्ट्रिय बजारमा बिक्री वितरण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भण्डारण, प्याकेजिङ गर्ने प्रशोधन केन्द्र सञ्चालनमा ल्याइनेछ ।

(५) अन्तर्राष्ट्रिय व्यापार अभिबृद्धिका लागि निश्चित मापडण्ड तयार गरि नाकाहरुमा कृषि तथा पशु क्वारेन्टाइनको जाँच पडतालपछि मात्र पशुको आयात गर्ने व्यवस्था गरिनेछ ।

(६) राज्यले तोके वा तोकिए अनुसार सङ्कटकाल, प्राकृतिक प्रकोपको अवस्थामा प्रयोग गर्ने गरि खाद्यान्न भण्डारणमा सञ्चय वा जगेडा राखिनेछ ।

## परिच्छेद–१०

## भूमि बैंक स्थापना, कृषि योग्य जमिन व्यवस्थापन

२१. **जग्गा भाडामा लिन दिन सक्ने** : (१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समूह र सहकारीलाई उत्पादनमा वृद्धि गर्न सहयोग पुऱ्याउनका लागि कृषि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रश्रय दिई आधुनिक खेती प्रणाली विकासका लागि महानगरापालिकाले भाडामा लिने दिने पक्ष बिच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) समूह/समूह वा व्यक्तिहरु मिलेर सामूहिक खेती गर्न चाहेमा महानगरपालिकाबाट स्वीकृति लिई खेती गर्न सक्नेछन् ।

२२. **भूमि बैंकको स्थापना** : (१) कृषि उत्पादन वृद्धि तथा व्यवसायिकरणको लागि कृषियोग्य जग्गा पहिचान, उपलब्धता सम्बन्धी सूचना, कृषियोग्य

जग्गा करारमा लिने वा दिने कामको लागि भूमि बैंक स्थापना गर्न सकिनेछ ।

२३. **बाँझो जग्गा सम्बन्धी व्यवस्था** : (१) बाँझो रहेको कृषियोग्य जमिन सम्बन्धित जग्गाधनीलाई जानकारी गराई महानगरपालिकाले कृषि प्रयोजनको लागि प्रयोगमा ल्याउन वा व्यवसायिक कृषि उत्पादनको लागि करार गरी सोको दर्ता वडा कार्यालयमा गराई कुनै पक्षलाई उपलब्ध गराउन सक्नेछ ।

२४. **भू–उपयोग** : खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा महानगरपालिकाले भू-उपयोग नीति बनाई कार्यान्वयन गर्न सक्नेछ ।

२५. **महानगरपालिका क्षेत्रमा चरन तथा खर्क विकास र व्यवस्थापन** : (१) पशुपंछिको विकासको लागि महानगरपालिकामा भएका सार्वजनिक जमिन, खर्क वा बाँझो जमिनलाई चरन तथा खर्कक्षेत्र तोकी महानगर पालिकाले प्रयोगमा ल्याउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालक कृषकले चरन गराए बापत महानगरपालिकाले तोके बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले जमिन बाँझो राखेमा उक्त जमिन महानगरपालिकाले तोके बमोजिमको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि सम्झौता गरी भाडामा लिन सक्नेछ ।

(४) चरन तथा खर्क क्षेत्र तोकिएपछि महानगरपालिकाले यस क्षेत्रमा आधुनिक घाँसे मैदानको विकास गराउन सक्नेछ ।

२६. **जरिवाना गर्न सक्ने** : यस ऐन बमोजिम कुनै किसानले कृषियोग्य जमिन बाँझो राखेमा त्यस्ता किसानलाई महानगरपालिकाले जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद–११

## विविध

२७. **पानी मुहान, पोखरी, नदीनाला, कूलो संरक्षण** : महानगरपालिका क्षेत्रभित्र प्राकृतिक रुपमा रहेका पानीको मुहान, पोखरी, नदिनाला, परम्परागत कूलो बाँध, पैनीको मर्मत संभार र जीर्णोद्धार गरि सिंचाई तथा खानेपानीका लागि महानगरपालिकाले सञ्चालनमा ल्याउन सक्नेछ । यस्ता सिचाई प्रवर्द्धनमा विद्युतीय तथा सौर्य उर्जाको उपयोगमा जोड दिनु पर्नेछ ।

२८. **जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण** : (१) महानगरपालिकाले जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकासमा जोड दिनु पर्नेछ । प्राकृतिक पहिचान भएका वाली, वोटविरुवाहरु वनस्पति तथा विऊ विजनको अनुवंशहरु, जीवहरुको संरक्षण, संवर्द्धन, प्रवर्द्धन र जलवायु अनुकुलन गर्ने दायित्व र कर्तव्य महानगरपालिकाको हुनेछ ।

(२) उपदफा (१) बमोजिम संरक्षण, संवर्द्धन तथा प्रवर्द्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर नपर्ने गरी वातावरणलाई दिगो संरक्षण गर्नु पर्नेछ ।

२९. **पुरस्कार, प्रोत्साहन** : (१) कृषि पेसालाई प्रोत्साहन गर्न यस पेसामा संलग्न कृषि उद्यमी तथा कृषि प्राविधिकलाई महानगरपालिकाले पुरस्कृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पुरस्कारको लागि शाखा/महाशाखाले मापदण्ड तयार गरी देहायका कृषि संबद्दलाई पुरस्कृत गर्नेछ ।

(क) उत्कृष्ट कृषक, कृषि संजाल, समूह, सहकारी र फर्म वा कम्पनी

(ख) उत्कृष्ट कृषि प्राविधिक

(ग) कृषि सेवा प्रवाह गर्ने उत्कृष्ट निकाय

३०. **अनुमति तथा सहमति लिनु पर्ने** : (१) महानगरपालिकाक्षेत्रमा अन्य गैरसरकारी संस्थाले कृषि कार्यक्रम संचालन गर्न तथा नीजि क्षेत्रबाट

कृषि उत्पादन सामग्री बिक्री वितरण गर्न महानगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(क) गैरसरकारी संस्थाले महानगरपालिका क्षेत्रमा कृषि कार्यक्रम संचालन गर्न महानगरपालिकाबाट सहमती लिनु पर्नेछ ।

(ख) कृषि उपज, बिउ बिजन, बिरूबा, रासायनिक मल, प्रांगारिक मल, माईक्रो न्युट्रेन्ट, हर्मोन, विषादी तथा अन्य कृषि सामाग्री विक्रि वितरणको लागि महानगरपालिकाको कृषि शाखामा सूचिकृत गरी अनुमती लिनु पर्ने छ ।

३१. **अन्तर निकाय समन्वय र नियमन** : (१) महानगरपालिका क्षेत्रमा रहेका सरकारी निकाय र गैरसरकारी निकाय वीच समन्वय गरी कार्यक्रम, योजना तथा विकास निर्माण कार्य कार्यान्वयन गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तर प्रदेश वा प्रदेश-प्रदेश वीच समन्वय गर्न आवश्यक भएमा महानगरपालिकाले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ ।

(३) उपदफा (१) वमोजिम कार्यक्रम सञ्चालन गर्दा अनियमितता हुन नपाउने गरी नियमन गर्नको लागि तोकिए वमोजिम अनुगमन समिति गठन गरिनेछ ।

३२. **कृषि पर्यटन** : पर्यटन प्रवर्द्धन हुने गरी व्यवसायिक कृषि सञ्चालन गर्न महानगरपालिकाले प्रोत्साहन गर्नेछ । कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ ।

३३. **कृषि, वन प्रणालीको विकास** : (१) महानगरपालिकाले जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरवदल र बढदो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकिकृत कृषि व्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विशेष वाली तथा फलफुलको खेती विकास गरि खाद्यान्न, फलफुल तथा नगदेवाली र घाँस खेती विकास गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम महानगरपालिकाले पातलिएको वनमा कृषि खेतीको लागि इच्छुक व्यक्ति वा फर्मलाई निश्चित अवधि तोकी कवुलियत गरि वन दिन सक्नेछ ।

(३) उपदफा (२) वमोजिम कवुलियत गर्न उपयुक्त वनमा कृषि खेती गर्ने व्यक्ति वा फर्मले वनमा विद्यमान रहेको वातावरणलाई कुनै प्रतिकुल असर नपुराउने गरि र सो प्रयोग गरे वापत वार्षिक रुपमा तोकिए बमोजिम महागरपालिकालाई शुल्क वुझाउने गरि दिन सकिनेछ ।

३४. **कृषक परिचय पत्र र पेन्सन** : महानगरपालिकाले आफ्नो क्षेत्रभित्रका कृषकको वर्गिकरण गरी परिचयपत्र प्रदान गर्न सक्नेछ । परिचय पत्रको आधारमा महानगरपालिकाले कार्यविधि वनाई कृषक पेन्सन कार्यक्रम संचालनमा ल्याउन सक्नेछ ।

३५. **आन्तरिक तथा वाह्य सहयोग लिनसक्ने** : महानगरपालिकाले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी संघसंस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ तर महानगरपालिकाले यसरी प्राप्त रकम र सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्नेछ । यस्तो सहयोगको सम्वन्धित प्रदेश र नेपाल सरकारलाई जानकारी गराउनु पर्नेछ ।

३६. **नियम बनाउन सक्ने** : यस ऐनको कार्यान्वयनको लागि महानगर पालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

३७. **कार्यविधि तथा निर्देशिका बनाउन सक्ने** : महानगरपालिकाले यस ऐन तथा ऐन बमोजिम बनेको नियम बमोजिम आवश्यकता अनुसार कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ ।

**मिति : २०७७ कार्तिक ०४ गते**

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**